BROADCAST: 18:40 hrs Date: 16.07.2025

CM-Financial Assistance: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङले समावेशी विकास र सामाजिक कल्याणप्रति सरकारको प्रतिबद्धतालाई निरन्तरता दिँदै, आज सम्मान भवनमा आयोजित कार्यक्रममा **मुख्यमन्त्री विवेकाधीन अनुदान** र **मुख्यमन्त्री शिक्षा सहायता योजना** अन्तर्गत चेक वितरण गर्नुभयो। कार्यक्रममा बोल्दै, मुख्यमन्त्रीले विपन्न विद्यार्थी, व्यक्ति र संस्थाहरूलाई उनीहरूको आ-आफ्नो कार्यमा सहयोग गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै, सरकार शिक्षा वा प्रगतिको निरन्तरता सुनिश्चित गर्न दृढ प्रतिबद्ध रहेको बताउनुभयो। यी अनुदानहरूको मुख्य लक्ष्य समानता र सशक्तिकरणलाई बढावा दिने सरकारको व्यापक प्रयासको एक भागका रूपमा अर्थपूर्ण अवसरहरू सिर्जना गर्नु र राज्यभरिका विपन्नवर्गको जीवनस्तर सुधार्नु हो। यस पहलले समावेशी विकास र सामुदायिक उत्थानप्रति राज्य सरकारको दृष्टिकोणलाई प्रकाश पार्दछ।

Sikkim Govt-Rules Against Political Influence: IPR

सिक्किम सरकारले आफ्ना सबै राज्य कर्मचारीलाई कडा परिपत्र जारी गरेको छ, जसमा निजामती सेवाभित्र निष्ठा र अनुशासन कायम राख्नुको महत्त्वमा जोड दिइएको छ। मुख्य सचिवद्वारा जारी गरिएको परिपत्रमा कर्मचारीहरूले आफ्नो सेवा मामिलासँग सम्बन्धित निर्णयहरूलाई प्रभावित गर्न राजनीतिक र अन्य अनुचित प्रभावको सहारा लिएका घटनाहरूप्रति चिन्ता व्यक्त गरिएको छ। परिपत्रमा, सरकारले सिक्किम सरकारी कर्मचारी आचरण नियम, १९८१ को नियम २१ लाई स्पष्ट रूपमा उल्लेख गरेको छ, जसले सरकारी कर्मचारीहरूलाई आफ्नो फाइदाका लागि वा प्रशासनिक निर्णयहरूलाई प्रभावित पार्न राजनीतिक प्रभाव खोज्न वा प्रयोग गर्न निषेध गर्दछ। परिपत्रले १९९५ मा जारी गरिएका निर्देशनहरूको पनि उल्लेख गरेको छ, जसले यस्तो व्यवहारप्रति सरकारको शुन्य-सहिष्णुताको अडानलाई जोड दिँदछ। राज्यका मुख्य सचिवले यी नियमहरू उल्लङ्घ गरिएमा **सिक्किम सरकारी कर्मचारी नियम, १९८५** मा उल्लेख गरिएका प्रावधानअनुसार कडा अनुशासनात्मक कारबाही गरिने चेतावनी दिनुभएको छ। यस कदमले निजामती सेवाभित्र निष्पक्षता र निष्ठाको सिद्धान्तलाई कायम राख्न सरकारको नवीकरण गरिएको प्रतिबद्धतालाई दर्शाउँदछ। अधिकारीहरूलाई नियम र प्रक्रियाहरूको कडाइका साथ पालना गर्न आग्रह गरिएको छ। यस निर्देशनको उद्देश्य सिक्किममा प्रशासनिक ढाँचालाई सुदृढ पार्नु र निष्पक्ष शासनको संस्कृतिलाई प्रवर्धन गर्नु हो।

Labour Department: IPR

श्रम विभागले प्लान्ट प्रमुख, परियोजना प्रबन्धक, महाप्रबन्धक, मानव संसाधन प्रबन्धक, ठेकेदार, सेवा प्रदायक, औषधि कम्पनी, सहायक कम्पनी, विद्युत परियोजना, डिस्टिलरी र अन्य व्यावसायिक प्रतिष्ठानहरूलाई दिएको आफ्नो पत्राचारमा, उनीहरूलाई आफ्ना कामदारहरूको कल्याणलाई सहज बनाउन र रोजगारीका क्रममा सुरक्षित, स्वस्थ र स्वच्छ जीवनयापनको अधिकारलाई कायम राख्न उपयुक्त आवास सुनिश्चित गर्न निर्देशन दिएको छ। हालै आयोजित आधिकारिक कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङले कामदारहरूको आवास सम्बन्धमा कार्य गर्ने चाहना राख्नुभएको कुरालाई ध्यानमा राख्दै, श्रम विभागका सचिवले कम्पनीहरू, प्रबन्धकहरू र सेवा प्रदायकहरूलाई **अन्तर-राज्यीय आप्रवासी कामदार नियम, १९८३** को धारा १६ का आदेशहरू साथै उक्त धाराअन्तर्गत उल्लेख गरिएका प्रावधानहरू पालना गर्न निर्देशन दिनुभएको छ। यसका साथै, ऐनद्वारा अनिवार्य आवासको प्रावधानहरूका सम्बन्धमा उचित अनुपालन सुनिश्चित गर्न अनि ठेकेदारहरू र संलग्न कामदारहरूको विवरण सहितको अनुपालन प्रतिवेदन, कामदारको फराकिलो र राम्रो हावायुक्त आवास सुविधाको तस्वीर छिटोभन्दा छिटो पेश गर्न निर्देशन जारी गरिएको छ।

Paddy: IPR

धानमा लाग्ने रोगको गैर-रासायनिक कीट प्रबन्धनलाई बढ़ावा दिन र खेतमा प्राकृतिक शत्रुहरूलाई रोक्न एकीकृत कीट प्रबन्धन प्रविधिहरूको कार्यान्वयनलाई ध्यानमा राख्दै, भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालय अन्तर्गत केन्द्रीय एकीकृत कीट प्रबन्धन केन्द्रद्वारा हालै आयोजित किसान फिल्ड स्कूलको प्रत्येक उद्घाटन दिवस कार्यक्रममा पैँतीसभन्दा अधिक प्रगतिशील किसान र राज्य विभागका अधिकारीहरूले भाग लिए। यो कार्यक्रम 14 जुलाईमा कबि ब्लक अन्तर्गत फेन्सोङ र 16 जुलाईमा मार्ताम ब्लक अन्तर्गत नाजिताम नजिकैको पातुम गाउँमा आयोजन गरियो।

Academy Award: Dilliram Dulal

साहित्य अकादमीका अध्यक्ष डा. माधव कौशिकले नेपाली भाषाका लागि **साहित्य अकादमी अनुवाद पुरस्कार 2024**, अमर बानियाँ लोहोरोद्वारा अनुदित पुस्तक **मातृभूमि**-लाई दिइने स्वीकित प्रदान गर्नुभएको छ। यो पुस्तक डा. निर्मल वालियाको हिन्दी उपन्यास **बतन**-को नेपाली अनुवाद हो। पुरस्कार विजेतालाई पुरस्कारस्वरूप उत्कीर्ण ताम्र फलक तथा 50 हजार नगद राशि, पछि आयोजित हुने विशेष कार्यक्रममा प्रदान गरिनेछ।